

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ११२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २३ गते शुक्रबार ❑ 6 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गठबन्धन टुटाउने षड्यन्त्र भएको छ : प्रधानमन्त्री

**रासस**
**चितवन, २२ बैशाख**

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन टुटाउने षड् यन्त्र भएको बताउनुभएको छ । पाँच दलीय गठबन्धनले आज यहाँ आयोजना गरेको विशाल आमसभालाई सम्बोधन गर्दै उहाँले षड्यन्त्र हुन नदिन गठबन्धनका पक्षमा जुट्न आग्रह गर्नुभयो ।

गठबन्धन टुटाउने षड्यन्त्र चितवनबाट हुन नदिन जिल्लाका नेता कार्यकर्तालाई उहाँले आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "गठबन्धन टुटाउने षड्यन्त्र भएको छ, यो षड्यन्त्रबाट हाम्रो पार्टी खत्तम हुन्छ, उहाँहरुको पनि खत्तम हुन्छ । कुनै पनि हालतमा गठबन्धन टुटाउने षड्यन्त्र भरतपुर र चितवनबाट हुन सक्दैन र हुनु हुँदैन", उहाँले भन्नुभयो ।




भरतपुर महानगरपालिकामा गठबन्धनबाट उम्मेदवार बन्नुभएका प्रमुख पदका उम्मेदवार रेनु दाहालले यस अघिका कार्यकालमा महत्वपूर्ण काम गरेको भन्दै गठबन्धनका पक्षमा लाग्न उहाँले आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "उहाँलाई जिताउनुहोस्, १०/२० वर्ष गठबन्धन टिक्छ ।" सभापति देउवाले थप्नुभयो, "उहाँले जितिसक्नुभएको छ, पार्टीका केही साथीहरुले बखेडा गर्नु आवश्यक छैन ।"

आफूले पार्टीमा ८२ प्रतिशत मत लिएर सभापति जितेको भन्दै उहाँले भन्नुभयो, "यो मत जनप्रतिनिधिको मत हो । नेपाली जनताले गठबन्धनप्रति समर्थन भएर मैले जितेको हुँ । होइन भने मैले कहाँ जित्थे ।" उहाँले गठबन्धनप्रति मेचीमहाकालीका जनताको भरोसा भएर नै पार्टीका साथी लागेर सभापति जितेको बताउनुभयो । उहाँले अगाडि भन्नुभयो, "जनताले चुनेर आएका पार्टीका साथीहरुको भोटले पार्टी सभापति भएको हुँ ।" उहाँले भन्नुभयो, "नेपाली जनता र तिनका प्रतिनिधिले दुई तिहाईभन्दा बढी भोटले जिताउनुभयो । यो स्पष्ट हुन्छ, नेपाली जनता गठबन्धनप्रति विश्वस्त भएर मैले जितेको हुँ ।"सभापति देउवाले चितवन कांग्रेसले गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने बताउनुभयो । उहाँले जोड दिँदै भन्नुभयो, "चितवनका साथीहरुको कर्तव्य छ । रेनु दाहाललाई सहयोग गर्नुपर्छ ।" भरतपुरको विकास भएको भन्दै उहाँले भन्नुभयो, "ठाउँठाउँमा कालोपत्रे भएको छ । यहाँको भाउ बढेको छ । स्मार्टसिटी बनाउने भन्नुभएको छ?"

भरतपुरमै अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, अन्तर्राष्ट्रियस्तरको सभाहल र विमानस्थल दाहालको पहलमा बन्न लागेको भन्दै उहाँले विकासप्रेमीनेतालाईजिताउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "भरतपुर महत्वपूर्ण ठाउँ बन्ने छ । संसारका पर्यटक आउनेछन् । क्रिकट हेर्न संसारभरिका मानिस आउँछन् । काम गर्ने मान्छे नभए को हुन्छ ?" भरतपुर महानगरमा दाहालको नेतृत्वको जनप्रतिनिधिले बेरुजु शून्य बनाएको उहाँको भनाइ छ ।

यसै गरी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले भरतपुरमा पाँच दलीय गठबन्धनलाई अस्वीकार गरे देश दुर्घटनामा जाने बताउनुभएको छ । गठबन्धन कमजोर भयो भने देश दुर्घटनामा जाने भन्दै उहाँले भन्नुभयो, "गठबन्धन कमजोर पार्न खोज्नुभयो भने म त अब दायाँबायाँ गर्दिन, देश


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## जग्गा प्राप्ति नहुँदा प्रदेश गौरवका योजनामा अवरोध : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशका योजनाका लागि जग्गा प्राप्ति नहुँदा योजनामा अवरोध भएको बताउनुभएको छ ।

प्रदेशको अर्थ मन्त्रालयले शुक्रबार पोखरामा आयोजना गरेको बजेटसम्बन्धी छलफलमा उहाँले सङ्घ सरकारले अहिले पनि जग्गा उपलब्ध गराउन नसकेकाले धेरै विकासका योजनाहरु प्रभावित भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "सरकारसँग जग्गा प्राप्तिका लागि माग गरेको लामो समयसम्म पनि प्राप्त नहुँदा विकासमा अवरोध उत्पन्न भएको छ । सरकार परिवर्तन भए पनि नीति नियम अझै परिवर्तन हुन नसक्दा सोचेअनुसार विकास गर्न सकिएन ।" अर्थमन्त्री रामजीप्रसाद बरालले नयाँपन दिनुपर्ने, अनिवार्य दायित्व र बहुवर्षीय योजनालाई प्राथमिकता दिने गरी बजेटको तयारी गरिएको बताउनुभयो । उहाँले प्रदेशलाई बलियो बनाउनु सबैको दायित्व भएकाले सकारात्मक सुझावको अपेक्षा सरकारको रहेको उल्लेख गर्नुभयो । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्दै सरकारले विकास बजेट खर्च गर्न नसकेकाले देशमा हाल आर्थिक तरलता भएको बताउनुभयो । प्रदेश र स्थानीय तहको करिब साढे तीन खर्ब बजेट सरकारी बैंकमा रहेको उल्लेख गर्दै कोरोना र हालको अर्थतन्त्रलाई चलायमान बनाउन छोटो समयमा ठूलो नतिजा ल्याउन नमूना कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय योजना आयोगका सदस्य डा पुष्परमण वाग्लेले दसैं पर्वका लागि मात्र घर जाने उद्देश्यले निर्माण हुने सडक निर्माण कार्यलाई रोक्नुपर्ने बताउनुभयो । फेवातालमा फुटट्र्याक निर्माण गर्न सके पोखरामा पर्यटकको बसाइ अवधि लम्ब्याउन सकिने उहाँको भनाइ थियो । अर्थशास्त्री डा लेखनाथ भट्टराईले परियोजना बैंक अवधारणमा विकास योजना केन्द्रित हुनुपर्ने बताउँदै तथ्याङ्क अभावले गर्दा विकास निर्माणका काममा कठिनाइ भएको उल्लेख गर्नुभयो ।

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्रीले महत्वकांक्षी योजना नहुने गरी यथार्थमा आधारित बजेट ल्याउन सुझाव दिनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले अहिलेको अवस्थाले देशको अर्थतन्त्र अघि बढ्न नसक्ने बताउनुभयो । उहाँले आपूर्ति व्यवस्था र सहुलियतका लागि प्रदेशका ८५ पालिकामा सुपथ मूल्यका पसल सञ्चालन गर्ने गरी योजना बनाउन आग्रह गर्नुभयो ।

## निर्वाचनमा खटिन इन्कार गर्ने कर्मचारीलाई कारवाही हुने

**रासस**
**काठमाडौं, २२ बैशाख**

निर्वाचन आयोगले यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनका लागि कर्मचारीले खटिन इन्कार गरेमा प्रचलित कानूनबमोजिम कडा कारवाही गर्न निर्देशन दिएको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ मा आयोगले स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनको कामका लागि कुनै पनि सरकारी वा संस्थानका कर्मचारीलाई सहयोग लिनसक्ने व्यवस्था रहेको छ भने दफा ४३ मा खटाइएको ठाउँमा जान इन्कार गरेमा जिम्मेवारीबाट हटाउन वा निलम्बनसम्मको सिफारिस गर्ने व्यवस्था छ । सोही ऐनको दफा ४४ मा विभागीय कारवाही गर्न सकिने जनाइएको छ । स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम खटिने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र मतगणना कर्मचारीलाई अति जरुरी, मानवीय र संवेदनशील कारण परेका अवस्थामा बाहेक खटाइएका कर्मचारीलाई फेरबदल नगर्ने र उपर्युक्त कारण परेका अवस्थाबाहेक कुनै पनि कर्मचारीले निर्वाचनको काममा खटिन इन्कार गरेमा प्रचलित कानूनबमोजिम कडा कारवाही गर्न सबै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिएको हो ।

## स्व अधिकारीको जन्मजयन्ती मनाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

नेकपा (एमाले)का तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री स्व रवीन्द्र अधिकारीको ५३ औं जन्मजयन्ती मनाइएको छ ।

पोखरा महानगरपालिका वडा नं १८ राष्ट्रिय विभूति तथा शहिद पार्कमा रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानको आयोजनामा भएको श्रद्धाञ्जली सभामा एमाले स्थायी कमिटी सदस्य तथा सङ्गठन विभाग प्रमुख खगराज अधिकारीले स्व अधिकारीको योगदानको चर्चा गर्दै एक कुशल सङ्गठक तथा विकासका अभियन्ता भएको बताउनुभयो ।

स्व अधिकारी जस्तोसुकै कठिनाइमा पनि उत्कृष्ट र सहि निर्णय लिन सक्ने तथा विचारको सही प्रवाह गर्नसक्ने नेताका रुपमा उहाँले चित्रित गर्नुभयो । एमालेका पोलिटब्यूरो सदस्य जगत विश्वकर्माले एउटा सङ्गठन र देश प्रति प्रतिवद्ध सशक्त युवा नेतालाई अल्पायुमै गुमाउनु पर्दा राष्ट्रले नै क्षति भोग्नुपरेका बताउनुभयो । रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानका अध्यक्ष तथा एमाले केन्द्रीय सदस्य विद्या भट्टराईले स्व अधिकारीको नाममा अक्षयकोष स्थापनाको काम शुरु भएको र त्यसबाट प्राप्त रकमबाट बर्षेनी विभिन्न क्षेत्रमा योगदान दिने व्यक्तिहरुलाई सम्मान गरिने जानकारी गराउनुभयो ।

सो अवसरमा 'संसदमा रवीन्द्र' नामक पुस्तक प्रकाशन गर्ने लक्ष्य राखिए पनि स्थानीय तहको निर्वाचनका कारण स्थगित गर्नुपरेको र निर्वाचन लगत्तै सो काम शुरु गरिने उहाँले बताउनुभयो । एमाले कास्कीका नेता दामोदर बैरागी, प्रतिष्ठानका सचिव पुष्पज्योति ढुङ्गाना, प्राध्यापक डा भरतराज पहारी, एमाले पोखराका नगर प्रमुख पदका उम्मेदवार कृष्ण थापा लगायतले स्व अधिकारीले राजनीतिक विकास र समाज विकासमा पुऱ्याएको योगदानको चर्चा गर्नुभएको थियो ।

## घोरेपानीका होटल व्यवसायीद्वारा गुनासो

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

पर्यटकीय क्षेत्र म्याग्दी घोरपानीका महिला होटल व्यवसायी पर्यटक लिएर आउने 'गाइड र पोर्टर'हरूलाई निःशुल्क कोठा र खाना दिनुपर्ने बाध्यताले व्यवसायमा चुनौती थपिँदै गएको बताउँछन् । उनीहरू यस्तो बाध्यताले व्यवसायमा समस्या थपिँदै गएको दुःखेसो पोख्छन् ।

"हिजो केही व्यवसायीले पर्यटक ल्याउँछन् भन्दै निःशुल्क खान बस्ने दिनुभयो आज त्यो 'कल्चर'ले हामीलाई समस्यामा पार्दै लगेको छ", घोरेपानी होटल व्यवसायी सङ्घका अध्यक्ष मीना पुनले भन्नुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रवर्द्धनमा पोखराका महिला पर्यटन व्यवसायी (ओटेफ)ले म्याग्दी घोरेपानीका होटल व्यवसायी महिलासँग गरेको क्षमता विकास एवं अन्तक्रिया कार्यक्रममा उहाँले मौसमअनुसार हुने व्यवसायमा अनगिन्ती समस्या रहेको जनाउँदै विदेशी पर्यटकले समेत 'फ्रि'मा कोठा माग्ने गरेको थुप्रै अनुभव सुनाउनुभयो । उहाँले भन्नुभयो, "म २० वर्ष युके बसेर आएँ, त्यहाँ प्रत्येक कुरामा पैसा तिर्नुपर्छ, तर उनीहरू नै नेपालमा हेपाहा प्रवृत्ति लिएर आउँछन् ।"

पर्यटकका यस्ता व्यवहारबाट घोरेपानी क्षेत्रका धेरै व्यवसायी पीडित भएको कतिपय अवस्थामा विदेशी पर्यटकसँग विवाद पनि गर्नुपरेको अनुभव पुनले सुनाउनुभयो । उहाँले पहिलोचोटी व्यवसायीका समस्यामा केन्द्रित महिलाको क्षमता विकास लक्ष्य गरेर घोरेपानीमा कार्यक्रम भएकोमा खुसीसमेत व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "आजसम्म कोही आएर हाम्रा समस्याबारे सोधेनन् तर बाहिर बाहिर घोरेपानीमा खाना बस्न निकै महङ्गो छ भन्ने हल्ला मात्र फिँजाए । आज बल्ल खुलेर आफ्ना कुरा राख्न पाइएको छ ।" अर्का होटल व्यवसायी महिला जुली ठकुरी पुनले घोरेपानीलाई पर्यटकको एक उत्कृष्ट गन्तव्य बनाउन आफूहरूले प्रदान गर्ने होटलका सेवा-सुविधामा निकै ध्यान दिएको बताउनुभयो । उहाँले सहज यातायात नहुने पदमार्ग क्षेत्र भएकाले अधिकांश सामान भरिया र खच्चडबाट ल्याउनुपर्ने र ढुवानी खर्च निकै महङ्गो भए पनि त्यसको तुलनामा आफूहरूले निकै सस्तोमा खाना बस्ने व्यवस्थाको प्रबन्ध गरेको जानकारी दिनुभयो । उहाँले रु ६०० देखि ८५० सम्मको खाना, सुविधा हेरेर रु ३०० देखि रु दुइ हजारभित्रका कोठालाई महङ्गो भन्न नमिल्ने बताउनुभयो । उहाँले आन्तरिक पर्यटक र विद्यार्थीलाई भने सहुलियत दिने गरेको बताउनुभयो ।

उक्त क्षेत्रका सहभागी अन्य व्यवसायी महिला विष्णु पुन, ललिता पुन, सपना गुरुङ, मन्चुरी पुन, देउती पुनलगायतले पछिल्लो समय व्यवसाय सञ्चालनमा निकै कठिनाइ आइरहेको र लैङ्गिक हिसाबले पनि महिला व्यवसायीलाई हेप्ने गरेको, एक्लै व्यवसाय सञ्चालन गरेका महिलाप्रति नकारात्मक दृष्टिकोण राख्ने गरेको केही अनुभवसमेत सुनाउनुभयो । ओटेफका अध्यक्ष पार्वती पाण्डेले सुगम र दुर्गम क्षेत्रमा महिला व्यवसायीका समस्या कतिपय साझा रहेको जनाउँदै महिला सशक्तीकरण लागि हातेमालो गरेर अघि बढ्न आवश्यक रहेको औंल्याउनुभयो । उहाँले यस क्षेत्रका व्यवसायी एक भएर अघि बढ्न सके देखिएका समस्या छिट्टै समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

संस्थाका सल्लाहकार दुर्गा ढकालले व्यवसाय र व्यवसायी महिलाले भोगेका समस्यालाई नजिकबाट बुझ्ने अवसर मिलेको जनाउँदै आगामी दिन पर्यटनमैत्री व्यवसायमा जोड दिएर यस क्षेत्रलाई उत्कृष्ट गन्तव्य बनाउन सहकार्य र समन्वयमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रम सहभागी ओटेफका सदस्यहरूले घोरेपानी पुनहिल जाने पर्यटकलाई आवश्यक सूचना साथै पदयात्रा सामग्री बिक्री वितरण गर्दै आए पनि आज स्थलगतरूपमा घोरेपानी पुगेर त्यस क्षेत्रको अवलोकन गर्दा थप ज्ञान हासिल गर्न सफल भएको र आगामी दिन पर्यटकलाई यस क्षेत्रका बारेमा सही सूचना दिन सकिने तथा धारणा राखेका थिए ।


**विगत ४० वर्षदेखि शिक्षा क्षेत्रमा गण्डकी प्रदेशमा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस**

**लिटिल स्टेप माध्यमिक विद्यालयमा**
नर्सरीदेखि कक्षा ९ सम्म
भर्ना खूल्यो !

**भर्ना प्रक्रिया**
- भर्ना फारम वितरण भइरहेको छ ।
- प्रवेश परीक्षाः बैशाख २३ गते, समयः ११ बजे
- विषयः अँग्रेजी, गणित, विज्ञान
- नतिजा प्रकाशनः दिउँसो ४:00 बजे
- भर्ना कार्यक्रमः २०७९ बैशाख २६ गते बाट

नयाँ शैक्षिक सत्र जेष्ठ ५ गतेबाट आरम्भ हुनेछ ।

**विशेषता**
» सुविधासम्पन्न विज्ञान र कम्प्युटर ल्याब तथा पुस्तकालय र इन्टरनेटको सुविधा
» यातायातको लागि बसको सुविधा
» शान्त शैक्षिक वातावरण तथा विभिन्न खेलका लागि पर्याप्त खेलमैदान
» अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर सहितको विशाल अडिटोरियम हल
» मन्टेश्वरी विधिद्वारा अध्यापन, छात्रवृत्तिको व्यवस्था

पुनश्चः +2 Science, Mangament, Hotel Mgmt. र Law का साथै BBA र BHM संचालन भइरहेको तथा निकट भविष्यमा BIT र MBA पनि संचालन हुने जानकारी गराइन्छ ।

**लिटिल स्टेप माध्यमिक विद्यालय**
सिमलचौर, पोखरा महानगरपालिका-८ ।
फोन नं. ०६१-५२५०१३, ५५०७९६

# वडा २ का अध्यक्ष शाहको साथमा जनता

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

नेकपा एमाले पोखरा-२ ले विहीवार वडाका हरेक टोल टोलमा पुगी मतदातासँग भेटघाट गरेको छ । पाँच उम्मेदवारसँगै कार्यकर्ता र शुभेच्छुकको उल्लेखनिय उपस्थितिमा वडाका टोलमा पुगी मतदातासँग भेटघाट गरिएको हो । घरदैलो गरिरहँदा वडाका उम्मेदवारहरुलाई मतदाताले खादा र अविरसहित जितको मनग्य शुभकामना समेत दिए ।



वर्तमान समयमा युवाशक्ति रोजगारीको खोजीमा र अध्ययनका लागि दिनानु दिन विदेश यात्रामा लामबद्ध भएका छन् । त्यो लाम बद्धलाई रोकी युवाको जोश र ऊर्जालाई विकास निर्माणको कार्यमा सदुपयोग गर्न विशेष कदम चाल्ने वडा नं २ का वडा अध्यक्ष पदमा उठेका उम्मेदवार दिपक शाह वताउँछन् । २०५५ सालमा स्ववियूको सदस्य समेत बनेका शाह २०६१ सालमा अखिल केन्द्रिय राष्ट्रिय पार्षद सदस्यमा समेत राम्रो जिम्मेवारी निभाएका छन् । पृथ्वीनारायण क्याम्पसमा गम्भिर घाइतेको रुपमा परिचित नाम हो दिपक शाह । २०७४ सालमा वडा कमिटि हुँदै २०७८ सालमा वडा २ मा इकाइ अध्यक्ष बनेका थिए । राजनीतिमा चिरपरिचित शाह आफ्नो वडामा उपभोक्ता समिति, टोलविकास संस्थामा अध्यक्षको भुमिका निर्भाह गर्दै आएका छन् ।

राजनीतिमा लम्केका शाह शिक्षा क्षेत्रमा पनि लामो अनुभव बटुल्दै प्याब्सन कास्कीमा कार्यसमिति सदस्य समेत समालेका छन् । युवा वर्गको क्षमताको उपयोग, क्षमता र दक्षता अभिवृद्धि, रूचि अनुसारको कार्यअवसर तथा लगानीको वातावरण सृजना गरेर युवालाई राष्ट्रको विकासमा प्रयोग गुर्नको लागि उम्मेदवार दिएको भन्छन् शाह । विशेष गरी जनमैत्री र प्रविधि वडा बनाएर जनतालाइ छिटो छरितो सेवा दिने मुल मन्त्र को शाहको । आफ्ना वडा भित्र रहेका मठ मन्दिर, बसपार्क, नेवारी बजारलाइ अझै व्यवस्थित र संरक्षण गरेर अगाडि बढ्ने शाहले भने । ४७ वर्षिय शाह बाटोमा हिड्ने हरेक नागरिकलाइ स्वास्थ्यमा असर नपरोस भनेर सार्वजनिक शौचालयको पनि व्यवस्था गर्ने सोचमा डुवेका छन् । पोखरा महानगरपालिका वडा नं २ मा वडा अध्यक्षमा उठेका दिपक शाह आफ्ना चार सदस्य लिएर दिन दिनै हरेक मतदातासँग भोट माग्ने कार्यक्रमलाइ जारी राखेका छन् । शाहको साथमा महिला सदस्यमा उर्मिला पराजुली, दलित महिला सदस्यमा हरिमाया परियार, खुल्ला सदस्य जनार्दन सुवेदी, र मंगल साइ छन् । उल्लेखनीय सहभागितामा घरदैलो कार्यक्रम केही दिन अघि देखि आजसम्म जारी रहेका छ ।

## गठबन्धन...

दुर्घटनामा पर्ने खतरा छ, त्यसको जवाफ अहिले गठबन्धनको विरोधमा जानेले दिनुपर्छ ।"तर रेनु दाहाल र चित्रसेन अधिकारीको टिमलाई अनुमोदन गरे १०/२० वर्ष गठबन्धनलाई कायम राख्ने उहाँको प्रतिबद्धता थियो । उहाँले विसं २०४६ देखि कम्युनिष्ट र कांग्रेसबीच सहकार्य हुँदै आएको स्मरण गराउनुभयो ।

उहाँले भन्नुभयो, "तपाईहरुले अहिले पनि यो गठबन्धन राष्ट्रको आवश्यकता हो, गणतन्त्र र लोकतन्त्रको आवश्यकता हो, देशको विकास र समृद्धिको आवश्यक हो भन्ने नबुझेर हालिँदैन हँसिया हथौडामा भोट भन्नुभयो भने देश दुर्घटनामा जान सक्छ ।" उहाँले गठबन्धन राष्ट्रको आवश्यकता रहेको बताउनुभयो । "यो जनताको आवश्यकता हो, विकास र समृद्धिको आवश्यकता हो भनेर चितवनवासी जनताले उत्साहपूर्ण ढङ्गले भोट हालेर यो टिमलाई विजयी गराउनुभयो भने म उत्साहित हुनेछु र यो गठबन्धनलाई १०/२० वर्ष लैजाने मेरो प्रतिबद्धता हुनेछ ।"

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले गठबन्धनको भविष्य सुनिश्चित गर्नुपर्ने बताउनुभएको छ ।

पवित्र उद्देश्यले संयुक्त अभियान अगाडि बढाएको भन्दै उहाँले गठबन्धन दललाई केही न केही फाइदा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि कतिपय ठाउँमा मिलेको छैन । म गठबन्धनका नेताहरुलाई भन्न चाहन्छु, नमिलेका ठाउँमा मिलाउनुहोस्, सहमति गर्नुपर्ने ठाउँमा गर्नुहोस् ।"

दलहरुबीचको एकताबाटै राजसंस्था फाल्न सफल भएको भन्दै उहाँले संविधान र गणतन्त्र जोगाउन पनि पाँच दलीय गठबन्धनमा एकता आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "दुई पटकसम्म संसद् विघटन गर्दा प्रतिपक्षी भएर नउभिएको भए देश समाप्त भइसक्थ्यो ।" प्रतिगमनकारी कदमको हामीले विरोध नगरेको भए देश अवनतिको बाटोमा जान सक्ने नेपालले बताउनुभयो । दक्षिणपन्थी गठबन्धनलाई मद्दत पुग्ने र लोकतान्त्रिक गठबन्धनलाई आघात पुग्ने गरी नलाग्न उहाँले आग्रह गर्नुभयो ।

भरतपुर महानगरपालिकाको प्रमुखको उम्मेदवार रेनु दाहाललाई पुष्पकमल दाहाल प्रचण्डको छोरीको रुपमा मात्र बुझ्न नहुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "रेनुलाई पुष्पकमल दाहालको छोरीका रुपमा मात्रै हेर्नुहुन्न, कोही योग्य छन् भने आफ्नो योग्यताका आधारमा आउने हुन् । बाबुको आधारमा होइन । कोही योग्य छ भने छोरी भनेर छेक्नु पनि हुँदैन ।"

# वडा नं ३ मा उदासलाई मतदाताको आर्शिवाद

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

सामाजिक व्यक्तित्व तथा राजनीतिकर्मी प्रकाशमान उदास चुनाव नजिकदै गर्दा वडा नं ३ मा उम्मेदवार सँगै उनी अहिले जनता विच लोकप्रिय बन्दै गएका छन् ।



दिनप्रतिदिन घरदैलोमा लोकप्रिय बन्दै गएका वडा नं ३ वाट काँग्रेसको अध्यक्ष पदमा उठेका उदास कुरा भन्दा बढी कामलाई विश्वास गर्ने तथा राजनीतिसंगै समाजसेवीको रुपमा समेत परिचित रहेका छन् । उनी राजनीतिसँगै विभिन्न संघ संस्थामा रहेर लामो समय देखि निःस्वार्थ रुपमा काम गर्दै आएका छन् । उदासले सदैव अरुलाइ राम्रो भएको देख्ने अरुको प्रगतिको चाहना गर्ने स्वभावले ५० वर्षको उमेर पछि बल्ल वडा अध्यक्ष पदमा उभिएका हुन् । राजनीतिमा २०३६ सालवाट रुचि राख्दै आएका उदास २०५२ सालमा तरुण दल नगर कमिटि पोखराका सदस्यमा गहन भुमिका निर्वाह गरे । एक दर्जन भन्दा बढि सामाजिक संघ संस्थाहरुमा आबद्व रहदै आएका राजनीतिकर्मी हुन उदास ।

वडा अध्यक्षमा पदमा उम्मेदवार रहेका उदास राजनीतिबाट समाजको परिवर्तन र सुधार हुने भएकोले अबको नेतुत्व आफुले भरपर्दो किसिमले समाल्ने र पार्टीलाइ गतिशील बनाएर अघि बढ्ने योजनाका साथमा आँफुले उम्मेदवार दिएको धारणा राखे । सहयोग र सेवाको भावबाट अघि बढेर अरुलाइ समेत राम्रो काममा प्रेरित गर्दै आएका उदास समाजिक रुपमा समेत छवि बनाएका इमान्दार नेता भएकोले उनलाई विश्वास गर्न सकिने उनी निकट नेपाली काँग्रेसका नेताकार्यकर्ताहरु बताउँछन् । नेपाली काँग्रेस पार्टीमा लामो समय देखि त्याग र सेवाको भावनाबाट राजनीति गर्दै अघि बढेका उदास साधा जीवन उच्च विचारका साथमा पार्टीमा तन र मन दुवै दिएर आफ्नै गतिमा अघि बढ्न रुचाउँछन् । उनले राजनीतिमा मान्छेको अनावश्यक भिड होइन ,काम गर्ने नेताको खाँचो समाजलाई परेकोले आफु तेस तर्फ ध्यान दिदै अघि बढेको उदासले भने । आफ्नो वडामा रहेका हरेक मठ मन्दिरलाइ संरक्षण गर्नुको साथै धार्मिक सहिष्णुता, खेलकुद, शिक्षा क्षेत्र र सामाजिक कार्यमा बढि ध्यान दिने उदासले वताए । आफ्ना हजुरबा खरदाररत्न मान उदास संस्कृति अध्ययन सँगै अध्यापन गराउने जानकारी गराए । आफ्नो वडामा रहेका तामाको भाँडा बनाउने, झिलिङ्गा, सेलरोटी बनाउने घरेलु उद्योगलाइ अझै ब्राण्डिङ बनाइ आम्दानीको स्रोतमा परिवर्तन गर्ने सोचमा छन् उदास ।

कुनै पनि नागरिकले उद्योग चलाउन चाएमा न्युन व्याजमा ऋण समेत दिलाउने कार्यक्रम ल्याउने विचारमा छन् उदास । वडालाइ प्रविधि मैत्री बनाइ जनताको हरेक कार्य छिटो छरितो गराउने ध्यानमा डुवेका छन् उदास । उनै उदासको वडामा खुल्ला सदस्यमा सनकमान सिके, नविन आले मगर, खुल्ला महिला सदस्यमा शान्तीदेवी पराजुली र दलित महिला सदस्यमा सवी परियार रहेका छन् ।


## Embassy of India
## Kathmandu (Nepal)
### Vacancy : ECHS

1. Ex-servicemen Contributory Health Scheme (ECHS) is a medical scheme launched by Govt of India to provide free medical treatment to the ex-servicemen pensioners and their dependents of Indian Armed Forces. Application are invited for the following post. Employment will be on contractual basis without any pensionary benefits.

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | Medical Officer | ECHS Polyclinic Pokhara |

2. Last date for submission of application for the above mentioned vacancy is **16 May 2022.** For qualification, work experience, salary terms & conditions and other details, see website: www.indembkathmandu.gov.in
3. Application alongwith copy of Nagrikata Praman Patra (NPP) and copies of relevant certificates may be sent at the following address.

**Pokhara**
Officer-in-Charge
ECHS Polyclinic
Embassy of India
Pension Paying Office
Pokhara (Nepal)
Tele No.: 061-430232, 061-431477

**Note : Our Previous advertisement for above post published on 22 Apr 2022 is hereby cancelled.**


# नेपाललाई मध्यम आययुक्त देशमा स्तरोन्नति गर्न करिब ८० करोड अमेरिकी अनुदान

रासस
काठमाडौं, २२ बैशाख

नेपाललाई मध्यम आययुक्त देशमा स्तरोन्नति गर्ने सरकारको लक्ष्यमा सघाउन संयुक्त राज्य अमेरिकाले रु ७९ अर्ब ७१ करोड अनुदान सहयोग उपलब्ध गराउने भएको छ ।

अनुदान सहयोगसम्बन्धी सम्झौतामा अर्थ मन्त्रालयमा आज आयोजित एक कार्यक्रममा यहाँस्थित अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआइडी) का निर्देशक सेपिदेह केवंशद र अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख ईश्वरीप्रसाद अर्यालले हस्ताक्षर गर्नुभयो । त्यस अवसरमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै निर्देशक केवंशदले पाँच वर्षसम्म सञ्चालन हुने यो सहायता सम्झौताले अमेरिका र नेपालबीचको सहयोग र सहकार्यको बृहत् विकास क्षेत्रको रूपरेखा प्रस्तुत गरेको र यसले नेपालको सामाजिक-आर्थिक उन्नयनमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । अर्थ मन्त्रालयलका सहसचिव अर्यालले अमेरिकी सहयोगबाट सुदृढ लोकतान्त्रिक शासन, उद्यमशील आर्थिक वृद्धि, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको प्रतिरोधात्मक क्षमता बढाएर नेपालको दिगो विकासमा टेवा पुग्ने बताउनुभयो । अर्थ मन्त्रालयका अनुसार यो सहयोग गुणस्तरीय शिक्षा एवं स्वास्थ्य प्रणाली, दिगो ऊर्जा र कृषि विकासमा उपयोग गरिनेछ । सहायता रकमलाई सरकारको बजेट प्रणाली (रातो पुस्तक)मा अभिलेख गरेर पारदर्शी रूपमा कार्यान्वयन गरिनेछ । अमेरिका नेपाललाई द्विपक्षीय सहयोग गर्ने पहिलो दातृ देश हो । नेपाल र अमेरिकाबीच आज भएको पञ्चवर्षीय विकास सहयोग सम्झौताले दुई देशबीचको ७५ वर्षको विश्वास, आपसी सम्मान र प्रतिबद्धताको सम्बन्धलाई अझ प्रगाढ तुल्याएको छ ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने :**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने :**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# आचारसंहिता सबैका लागि होस

स्थानीय तहको बैशाख ३० गते हुने निर्वाचनलाई स्वतन्त्र , निष्पक्ष, भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्नका लागि निर्वाचन आयोगले निर्वाचन आचार संहिता जारी गरेको छ। आचार संहिता कार्यान्वयन गर्न राजनीतिक दलहरूले आफ्ना धारणा सहित प्रतिबद्धता जनाएका छन। उमेदवार र राजनीतिक दलका गतिविधिलाई लिएर निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ । निर्वाचन आयोगको काम आचारसंहिता पालना गराउन लगाउने हो। आचारसंहिता कार्यान्वयन गराउन सरकारको भुमिका महत्त्वपूर्ण रहन्छ । सबैभन्दा बढी कार्यान्वयन गराउने काम सरकारको हो । सही सूचना सम्प्रेषणको जिम्मेवारी मिडियामा हुन्छ भने सही वा गलत भएको अवस्थाबारे बुझ्न अनुगमन गरी गलत हुन नदिन खबरदारी गर्ने जिम्मेवारी मानवअधिकार आयोगलगायत मानवअधिकारका क्षेत्रमा क्रियाशील संस्था तथा व्यक्तिहरूमा रहेको छ।

स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्ति स्थानीय तहको निर्वाचित बहालवाला प्रतिनिधिलाई उम्मेदवारी दिनुअघि सम्बन्धित पद वा जिम्मेवारीबाट राजीनामा गर्नुपर्ने नियम लगाइएको छ। निर्वाचन आयोगले भनेअनुसार नै भएको छ । यस्तो यसअघि यस्तो कामदकहिल्यै प्रचलनमा रहेको थिएन।केही आश्चर्य र असहमतिका साथ यसलाई सबैले स्वीकार गरेको अवस्था छ। पदमा बहाल रहेर चुनावमा उम्मेदवारी दिँदा पदको दुरुपयोग हुन सक्ने र मतदातालाई प्रभाव पार्न सक्ने तर्कलाई उचित ठहऱ्याइएको हो । साथै, स्थानीय तह निर्वाचनमा यस तहका जनप्रतिनिधिलाई निर्वाचनमा उम्मेदवारी दिनु पूर्व राजीनामा गराएजस्तै प्रदेशसभा तथा सङ्घीय संसद्को निर्वाचनमा राजीनामा गराउँछ गराउँदैन ? बहालवाला प्रधानमन्त्री र मन्त्रीहरू पदमै रहेर चुनावमा उम्मेदवार बन्छन् कि बन्दैनन् ? यी प्रश्नहरूको उत्तर त्यतिबेला दिनुपर्नेछ।

खर्च नियन्त्रण र आर्थिक विकृति रोक्न प्रचार सामग्रीहरूको प्रयोगलाई पनि सीमित पारिएको छ। पोस्टर टाँस्ने, भित्तामा लेख्ने, लगाउने लुगा, झोला, गम्छा, टोपी, लकेट आदिमा पार्टीको निर्वाचन चिन्ह छापेर उपयोग गर्ने विषयमा रोक लगाइएको छ। यी नियमहरू उचित छन्, सबैको इमानदार प्रयासमा यी नियम लागू गर्न नसकिने होइन। यी प्रत्यक्ष देखिने विषय भएको हुनाले प्रशासनको बलमा रोक्न सकिन्छ । तर, सामाजिक सञ्जालमा समेत लगाउन खोजिएको बन्देज कार्यान्वयनमा आउन मुस्किल छ। निर्वाचनमा पद र शक्तिको दुरुपयोगको खतरा सत्ताधारी पार्टी र सत्तामा रहेका नेता, मन्त्रीहरूबाट हुने गर्दछ। स्थानीय तहका जनप्रतिनिधिलाई राजीनामा गराएर उम्मेदवारी दिने नियम बनाएको निर्वाचन आयोगले यसतर्फ ध्यान दिन भ्याएको देखिँदैन । मन्त्रीहरू चुनाव प्रचारमा देखिएका छन्।

चुनाव प्रचारमा देखिएका मन्त्रीहरूको सुविधामा हुने खर्च सरकारी सम्पत्तिको सरासर दुरुपयोग नै हो र यो निर्वाचन आचार संहिता विपरीत कार्य हो ।यस्तो कार्य देखेर पनि नदेखे झै भएको छ । नियम कानुन कार्यान्वयनका लागि हुनुपर्दछ। देखाउनका लागि बनाइने वा बनाइएका हुन भने राज्यको नीति नियमप्रति जनताको विश्वास घटाउन सक्दछ । निर्वाचन आयोग र अन्य सम्बन्धित सबैले बेलैमा यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ । सरकारी ओहोदावाललाई आचार संहिता पालना गर्न लगाउन सके मात्र निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र शान्तिपुर्ण हुनेछ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : मन चञ्चल |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# यस्तो छ साना दलका उम्मेदवारको चुनावी मुद्दा

–वासुदेव पौडेल
गण्डकी, २२ बैशाख

भूगोलका दृष्टिले देशकै ठूलो पोखरा महानगरपालिकामा मुख्य प्रतिष्पर्धा पाँच दलीय गठबन्धन र नेकपा (एमाले)बीच हुने आँकलन गरिए पनि यहाँका साना तथा नयाँ दलका साथै स्वतन्त्र उम्मेदवार उच्च मनोबलका साथ चुनावी मैदानमा छन्।

भ्रष्टाचाररहित सुखि र समृद्ध पोखराको आफ्ना चुनावी मुद्दा र काम गर्ने अठोट नै मत पाउने आधार भएको बताउने उम्मेदवार घरदैलो र वस्तीमा पुगी आफ्ना प्रतिवद्धता जनतामाझ पुऱ्याउन निकै व्यस्त छन्। चुनावको मिति नजिकिदै गर्दा सकेसम्म हरेक मतदातामा पुग्ने नसकेमा मुख्य मुख्य वस्तीमा पुग्ने योजनाका साथ घरदैलोमा लागेको उम्मेदवार बताउँछन्।

सचेत नेपाली पार्टीकातर्फबाट महानगरको प्रमुख पदका उम्मेदवार भोजराज खनाल 'फरक परिणामका लागि फरक विचार, इमानको राजनीति इमानदार सरकार' भन्ने नाराका साथ आँफू चुनावी अभियानमा जुटेको बताउनुहुन्छ । आँफूले जनताको सेवा गर्ने निश्वार्थ योजनासहितको प्रतिवद्धता लिएर जनता माझ पुगेको जनाउँदै उहाँले यसमा जनताको समर्थन प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो । पालिकामा संस्थागत भएको भ्रष्टाचार र विचौलियापन निर्मूल गरी इमानदार नेतृत्व र कर्मचारी स्थापित गर्नका लागि नैतिक शिक्षा प्रदान गरिने उहाँले बताउनुभयो । स्थानीय तहमा निर्वाचित भएसँगै आँफूलाई सर्वेसर्वा ठानी नागरिकलाई केही नठान्ने प्रवृत्तिलाई अन्त्य गरी जनताको नोकर हुँ भन्ने भावनाको विकास गर्ने उहाँले बताउनुभयो। पोखराको हेमजाबाट आँफूले चुनावी प्रचार अभियान थालेको जानकारी दिँदै उहाँले अन्य दलले जस्तो तडकभडक नगरी मतदातामाझ पुगिरहेको बताउनुभयो।

"राजनीतिलाई पेसा नभै सेवा हो भन्ने भावनालाई आत्मसात गरी जनताका अपेक्षालाई पूरा गर्ने, सुशासन, भ्रष्टाचार मुक्त पालिकाको निर्माण गर्ने अभियानमा पोखरेली जनताले विश्वास गर्नेमा म ढुक्क छु ", उहाँले भन्नुभयो। सचेत नेपाली पाटीले महानतगरमा उपप्रमुखको उम्मेदवारमा सोनी परियारलाई अघि सारेको छ । पार्टीले वडा गतरूपमा भने अन्य उम्मेदवार नउठाएको खनालले जानकारी दिनुभयो। राष्ट्रिय नागरिक पार्टीका तर्फबाट पोखरा महानगरपालिका-९ का सदस्य पदका उम्मेदवार कृष्ण रानाभाट आफ्नो चुनावी प्रतिवद्धतासहित मतदाता शिक्षा दिँदै घरदैलोमा हिडिरहनुभएको छ। ठूला दलका नाममा विभिन्न प्रलोभनमा पार्ने प्रबृत्तिलाई निरुत्साहन गर्नुका साथै भोट बढाउनका लागि दिवङ्गत व्यक्तिका नामसमेतमा मत हाल्ने विगतदेखिको कुपरम्पराको अन्त्य गर्नु जरुरी रहेको उहाँको भनाइ छ। राष्ट्रिय नागरिक पाटीले पोखरा महानगरमा प्रमुखको उम्मेदवारमा सिर्जनादेवी रिजाल कार्कीलाई अघि सारेको छ भने वडा नं २१ मा वडा अध्यक्षसहित पाँचै जनाको समूह चुनावी अभियानमा होमिएको रानाभाटले जानकारी दिनुभयो। अन्य वडामा भने पार्टीका तर्फबाट उम्मेदवारी परेको छैन।

भ्रष्टाचार नियन्त्रणसहित पूर्वाधार विकासका लागि विज्ञ टोली बनाएर अघि बढ्ने, सम्पदाको संरक्षण गर्ने प्रतिवद्धतासहित चुनावमा होमिएको विवेकशील साझा पार्टीले महानगरका ३३ वटा वडामध्ये झण्डै ५० प्रतिशत वडामा आफ्नो घरदैलो सम्पन्न गरिसकेको सो पार्टीका प्रमुख पदका उम्मेदवार सुशिला केसी अधिकारीले जानकारी दिनुभयो । घरदैलोका क्रममा मतदाताको आश्वासनले आँफू उत्साहित बनेको बताउँदै उहाँले यस निर्वाचनमा सम्मानजनक मत प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो । विवेकशील साझाले महानगरको उपप्रमुखमा माधव भण्डारीलाई अघि सारेको छ भने वडा नं २६ को वडा अध्यक्षमा चन्द्रज्योति ढुङ्गाना उम्मेदवार रहनुभएको छ। अन्य वडामा भने सो पार्टीको उम्मेदवारी छैन।

बैकल्पिक राजनीतिक शक्तिका रूपमा आफूलाई उभ्याउने प्रयत्नमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीले भ्रष्टचार मुक्त महानगरको नारालाई जोड दिएको छ । पार्टीका तर्फबाट प्रमुख पदका उम्मेदवार शंकर खराल र उपप्रमुख पदका उम्मेदवार रन्जना कुमारी सेन पौडेल यतिखेर चुनावी प्रतिवद्धताका साथ घरदैलोमा निरन्तर कृयाशिल हुनुहुन्छ । घरदैलोका क्रममा उहाँहरूले सिप विकासलाई प्राथमिकता दिई रोजगारी सुनिश्चित गर्ने, कर वृद्धिले पीडित बनेका महानगरवासीको राहतका लागि ५० प्रतिशतसम्म कर कटौती गर्ने शैक्षिक गुणस्तर वृद्धि एवम् शिक्षकलाई पोत्साहन गर्न तलब वृद्धि र प्राविधिक शिक्षालगायतमा जोड दिने मुद्दालाई अघि सार्नुभएको छ । महानगरपालिकामा कूल मतदाता दुई लाख सात हजार ७१२ छन्।

# बैदाममा गठबन्धनको घरदैलोसँगै मतदाता शिक्षा

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

पाँचदलीय गठबन्धनले पोखराको पर्यटकीय क्षेत्र बैदाममा स्थानीय तह निर्वाचनका लागि चुनावी प्रचार अभियानकालाई तीव्रता दिएको छ।

पोखरा-६ बैदाममा गठबन्धनका तर्फबाट वडाध्यक्षमा जगतबहादुर पहारी उम्मेदवार छन् । यसैगरी खुलासदस्यमा नेकपा(माओवादी केन्द्र)बाट कृष्ण प्रसाद आचार्य, खुल्ला सदस्यमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी)का तर्फबाट विकास पहारी र महिला सदस्यमा नेपाली काग्रेसका तर्फबाट पबित्रा थापा र दलित महिला सदस्यमा काग्रेसको तर्फबाट शोभा जलारी चुनावी मैदानमा रहेका छन्।

गठबन्धनका उम्मेदवारहरुले बिहीबार पनि बैदामा क्षेत्रमा घरदैलो गरे । घरदैलोसँग उम्मेदवार हरुले मतदाता शिक्षालाई पनि सँगसँगै लगेका छन् । पाँच दलका तर्फबाट उम्मेदवार रहेको र सबैको चुनाव चिन्ह फरक रहेकाले मत बदर हुन नदिन उनीहरुले मतदातालाई भोट हाल्ने तरिका सिकाएका हुन्। वडाध्यक्षका उम्मेदवार पहारीले भने,"जनताको अुमल्य मत बदर भएर खेर नजाओस् भन्नेतर्फ सचेत छौं। घरदैलो गरेर मत माग्दै गर्दा मतदातालाई मत कसरी दिने भनेर समेत सिकाएका छौं।"

# हिजोको नेतृत्व असक्षम भएकाले गठबन्धन गर्‍यौं : धनराज

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

पोखरा महानगरका मेयरपदका उम्मेदवार धनराज आचार्यले घोषणा पत्रका हरेक शब्द ईमान्दार तरिकाले पालना गर्दै मेयरको वडामा विकास गर्ने प्रतिबद्धता जनाएका छन।

पोखरा २८ कालिकामा विहीबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उनले विगतका घोषणा पत्रमा भएका कुराको पालना नगरेकै कारण आज फरक तरिकाले आउन बाध्य भएको उनले सुनाए । 'हामी घोषणापत्रको अक्षरशः पालना गर्नेछौं । यसअघि घोषणापत्र पालना नगरेकै कारण आज यो अवस्था आएको हो', उनले भने, 'हिजो घोषणापत्र इमान्दारी पुर्वक पालना गरेको भए हामी यहाँ हुने थिएनौं । हिजोको नेतृत्व असक्षम र जनताप्रति इमानदार नभएका कारण गठबन्धन गरेका हौं ।' यहाँ खानेपानीको पनि समस्या छ, त्यो यहाँको मात्र होइन अन्य ठाउँमा पनि समस्या छ । आफ्नो नागरिकलाई पानी समेत पिलाउन सक्दैन भने राज्यको के काम ? उनले प्रश्न गर्दै भने,'घरघरमा धारा त आयो तर पानी आउन सकेन ।' उनले पानी सामान्य आधारभुत आवस्यकता पाँच वर्षमा दिन नसक्नु निकै लज्जाको विषय भएको बताए।

उपमेयरकी उम्मेदवार कोपिला रानाभाटले आफूनजिकैको वडावासी भएकाले पोखरा २८ को विकासको साक्षी भएको बताईन् । उनले लामो समयदेखि कालिका माझठाना पूर्वाधारमा पछि परेको टिप्पणी गरिन् । कालिकाको एउटा मात्र चिल्ला बाटो हेरेर होईन पाखा, पखेरा र टोल टोलको विकासको मूल्यांकन गर्दै वैशाख ३० मा भोट गर्न आग्रह गरिन् । महिलामैत्री, बालबालिकामैत्री, जेष्ठ नागरिकमैत्री महानगरपालिका बनाउने आफ्नो योजना रहेको पनि उनले सुनाइन् । नेपाली कांग्रस कास्कीका सभापती किशोरदत्त बरालले विकासका लागि राजनीतिक नाराको पछि लागेर नहुने बताए। उनले पाँच वर्षमा राजनीति नाराको पछि लाग्दा कालिकाका स्थानीयले पाउनुपर्ने विकास नपाएको उनको भनाई थियो। नेकपा एकिकृत समाजवादीका पोलिटव्युरो सदस्य श्रीनाथ बरालले संविधान जोगाउन र अग्रगामीको अन्त्य गर्न गठबन्धन गरेको बताए । 'हामिले किन बिद्रोह गर्‍यौं। विगतमा हामीले दुईतिहाई मत पायौ तर घोषणा पत्र अनुसार काम हुन सकेन,' उनले भने, 'पार्टीमा हामिले समस्याका कुरा उठायौं तर पार्टी भित्र गुट उपगुट गर्ने, राम्रो कुरा नसुन्ने । सही कुरा गर्दा बेवास्ता गरियो त्यसैले गठबन्धन गर्‍यौं ।' अब प्रदेश र संघमा पनि गठबन्धनबाटै जानुपर्ने उनको धारणा थियो । घरदैलौ कार्यक्रममा नेपाली कांग्रेसकी महासमिति सदस्य सरस्वती गुरुङले आफ्नै पार्टीले अनावश्यक दबाब दिएर मानबहादुर जिसी अस्वस्थ भएको दाबी गरिन्। जिसीलाई स्वास्थ्य लाभको कामना गर्दै स्वस्थ्य हुँदा पनि कुनै देखिनेगरी काम गर्न नसकेको उनले टिप्पाणी गरिन् । आफ्नै वडाको विकास नहेरेका कारण पनि यसपटक गठबन्धनले नतृत्व लिनुपर्ने भन्दै स्थानियलाई धनराज र कोपिलालाई मत दिएर बिजयी गराउन आग्रह गरिन्।




# अर्जेन्ट चाहियो

'New Branch'
**अफिसको लागि**

| | |
|---|---|
| साधारण लेखपढः | ३ जना |
| + 2 above : | ४ जना |
| SLC: | ५ जना |

तलबः १२,५०० देखि १८,५०० सम्म

सम्पर्कः
९८०६५४८०४९
९८५६०३२३५१


# पोखरा १९ मा एमालेका उमेद्वार उत्साहित

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

जनताको घरदैलोमा पुगेका नेकपा एमाले पोखरा १९ का उमेद्वार मतदाताको आशीर्वादले उत्साहित बनेका छन्।

करिव १ हप्तादेखि जनताको घरदैलोमै समय बिताएका उनीहरूले भोट मात्र मागेका छैनन्, उनीहरूका गुनासा र सुझावलाई समेत टिपोट गरिरहेका थिए । वडाध्यक्षका उमेद्वार इमानराज पौडेलले आफूहरु समग्र पोखरा १९ को विकासमा प्रतिवद्ध रहेको र अघिल्लो नेतृत्वले सुरुवात गरेका कामलाई निरन्तरता दिइने बताए। उमेदवार सहितको टोलिले आज पुरून्चौरको रैकर, अधिकारी थर, पौडेल थर, प्यान, लामाचौरको भुनपरे, गौतम थर लगायत क्षेत्रमा घरदैलो गरेर पार्टीको पक्षमा मत मागेका थिए।

घरदैलोमा प्रदेश कमिटीका सचिवालय सदस्य माधव बास्तोला, सदस्य शोभामोहन पौडेल, उमनाथ गौतम, वलराम भण्डारी, बलराम गौतम, जिल्ला सदस्य एवं वडा इन्चाज सुरेन्द्रमान सिंह भण्डारी, अर्जुन अधिकारी, गीता गौतम तिवारी, महानगर कमिटी सदस्य लक्ष्मी अधिकारी, वडा कमिटीका अध्यक्ष विष्णु गौतम, सचिव विकास गौतम, पूर्व जनप्रतिनिधि तेजबहादुर अधिकारी, निलकण्ठ बास्तोला, दुर्गाबहादुर केसी, शिक्षासेवी बैकुण्ठ पौडेल लगायतले देश र जनताको पक्षमा मत दिई पार्टी र समृद्धि विरोधीलाई पराजित गर्न आग्रह गरे।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः
वि. स. २००२/०५/१८ गते

स्वः कुमारी गुरुङ

स्वर्गारोहणः
वि.स. २०७७/०३/११ गते

साविक मादी गाउँपालिका–१, सिक्लेस, गैह्रीथर घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ कमलपोखरी मार्ग टोल बिकास संस्थाका सदस्य रोशन गुरुङको ममता( मयी माता एवं बुद्धि बहादुर गुरुङको धर्मपत्नी **कुमारी गुरुङको** ७५ वर्षको उमेरमा असामयीक निधन भएको आज पितृ कार्यको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

सु. ईन्द्रबहादुर गुरुङ
अध्यक्ष एवं
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
पोखरा-१३

# लेकसाइडबाट एमालेको विजयी शुरुवात हुन्छ–कृष्ण थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

नेकपा एमालेका तर्फबाट पोखरा महानगरपालिकाको मयर पदमा उम्मेदवारी दिनुभएका कृष्ण थापाले एमालेले यसपटक पर्यटकिय क्षेत्र लेकसाइडबाट जितको शुरुवात गर्ने बताउनुभएको छ। नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघले शुक्रबार आयोजना गरेको नेकपा एमाले, पर्यटन तथा उद्योगी व्यवसायीको भेलामा बोल्दै थापाले वडा नम्बर ६ मा एमालेले अध्यक्ष सहित सबै पदमा जित हाँसिल गर्ने दावी गर्नुभयो । पर्यटकिय दृष्टीकोणले नेपालकै महत्वपूर्ण गन्तव्य लेकसाइडमा विकासको ठोस योजना एमालेले ल्याउन सक्ने भन्दै उहाँले एमालेका उम्मेवारहरुलाई मतदान गर्न मतदाताहरुमा आग्रह गर्नुभयो ।



भेलामा बोल्दै नेकपा एमालेका केन्द्रिय सदस्य राजिव पहारीले यसपटक वडा ६ मा अघिल्लो पटक गुमेको अध्यक्ष पद फिर्ता आउने ठोक्कुवा लगाउनुभयो । कार्यक्रममा बोल्दै वडाध्यक्ष पदका उम्मेदवार विष्णुबहादुर भट्टराईले आफु विजयी भएमा कोरोनाबाट थलिएको पर्यटन उद्योगलाई पुर्नजिवन प्रदान गर्ने, पर्यटन व्यवसायीका घरभाडा, बैंक व्याज लगायतका समस्याहरु समाधानका लागि सहकार्य गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

नेकपा एमाले वडा ६ का अध्यक्ष बलराम पहारीको अध्यक्षतामा भएको कार्यक्रममा अग्रज पर्यटन व्यवसायी हरि शर्माले स्वागत तथा सूर्यबहादुर भुजेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

त्यसअघि वडाध्यक्ष भट्टराई सहित सदस्य पदका उम्मेदवारहरु खुल्ला वडा सदस्य दीपेन्द्र पहारी, वासुदेब बराल, महिला सदस्यमा जमुना पराजुली पहारी र राममाया विश्वकर्मा सहितको टोलीलाई पुन समाज बैदामले स्वागत एवं शुभ-कामना कार्यक्रम गरेको थियो । कार्यक्रममा बोल्दै भट्टराईले लेकसाइडका भित्री क्षेत्रमा जनप्रतिनिधीहरुको ध्यान पुग्न नसकेको औंल्याउनुभयो । 'भित्री बाटाहरु जिर्ण बनेका छन्, सडक बत्तिको समस्या छ, तर आफ्नों टिम आएपछि ति समस्याहरु समाधान गर्न तपाईहरुसंग सहकार्य गर्नेछौं' उहाँले बताउनुभयो ।

# मतदाता भन्छन्: कसरी मत हाल्ने सिकाउन कोही आएनन्

**पोखरापत्र संवाददाता**
**दमौली, २२ बैशाख**

तनहुँको व्यास नगरपालिका-२ का १८ वर्षीया एलिना कुमालले पहिलो पटक मतदान गर्दैछिन् । वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा कुमालले मताधिकारको प्रयोग गर्दैछिन् ।

मतदान गर्ने दिन नजिकिँदै गर्दा कुमालमा छुट्टै उत्साह छ । "पहिलोपटक भएकाले कसरी मत हाल्ने भन्नेबारेमा केही जानकारी छैन, तर सिकेपछि मत हाल्ने तरिकाबारे जान्नेछु", उहाँले भन्नुभयो। कुमालले स्थानीय तहमा हाम्राभन्दा पनि राम्रा उम्मेदवारले जित्नुपर्ने बताउनुभयो । "अहिले घरदैलो अभियान चलिरहेको छ, दलका भन्दा पनि राम्रा उम्मेदवारले जित्नुपर्छ", उहाँले भन्नुभयो । यसपटक मतदाता शिक्षा कार्यक्रम सञ्चालन नगरिएकाले मतदातालाई मत हाल्न अलमल हुने बन्दीपुर गाउँपालिका-४ का दुर्गाविलास भट्टराईले बताउनुभयो। निर्वाचनमा राजनीतिक दलबीच गठबन्धन भएकाले मतदाता मत हाल्ने बेलामा झुक्किने भएकाले धेरै मत बदर हुनसक्ने उहाँले बताउनुभयो। "मत कसरी हाल्ने भनेर गाउँ-गाउँमा मतदातालाई सिकाइएको छैन, गठबन्धनका कारण मत बदर हुनसक्ने सम्भावना उत्तिकै छ", उहाँले भन्नुभयो । गठबन्धन गरेका दलहरूले पनि मतदान गर्ने तरिकाबारे सिकाउन आवश्यक रहेको उहाँको भनाइ छ। व्यास नगरपालिका-३ का मधुमाया पौडेलले उम्मेदवार भोट माग्न घरदैलोमा आए पनि मतदान गर्नेबारेमा भने कसैले सिकाउने नगरेको बताउनुभयो । "भोट दिनुस् भन्दै आउँछन्, मतदान गर्ने तरिकाबारे पनि सिकाए मत बदर हुँदैनथ्यो होला!", उहाँले भन्नुभयो। मतदातालाई मतदान गर्ने तरिकाबारे सिकाउने उद्देश्यसहित जिल्ला निर्वाचन कार्यालय तनहुँ र नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले नमूना मतदान कार्यक्रम गऱ्यो । नमूना मतदानले मतदान प्रक्रियाबारे जानकारी गराएको र बदर मत कम गराउन सहयोग पुग्ने स्थानीयवासी कृष्णराज वाग्लेले बताउनुभयो । जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले बदर मत कम गराउन सचेतना आवश्यकता रहेको औँल्याउनुभयो । निर्वाचन आयोगले विगतका निर्वाचनमा जस्तो यसपटक मतदाता शिक्षा सञ्चालन गर्न नसकेकाले राजनीतिक दल र उम्मेदवारहरूले घरदैलोको क्रममा मतदातालाई यसबारेमा सचेत गराउनुपर्ने ढकालले बताउनुभयो।

वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तयारी तीव्र पारिएको छ । कार्यालयले मतदान केन्द्रमा पठाउने सामग्री व्यवस्थापनको काम गरिरहेको छ। मतदान केन्द्रमा नियुक्त हुने कर्मचारीसँगै मतपत्र र अन्य सामग्री पठाउने तयारी गरिएको छ।

# खोप भण्डारण गर्न बागलुङमा 'वाकिङ कुलर'

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ बैशाख**

खोप भण्डारण क्षमता बढाउन जिल्ला स्वास्थ्य कार्यालय बागलुङमा 'वाकिङ कुलर' जडान गरिएको छ। बुधबार गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक खिमबहादुर खड्काले उद्घाटन गर्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आर्थिक सहयोगमा बनेको उक्त चिस्यान कोठामा दश रेफ्रिजेरेटरमा अट्ने जति खोप भण्डारण गर्न सकिने छ । यसअघि भण्डारण क्षमता कम हुँदा यहाँ कोभिड-१९ विरुद्धको खोप आपूर्ति र वितरणमा समस्या भएको थियो। थपिएको भण्डारण क्षमताले बागलुङसँगै पर्वत, म्याग्दी र मुस्ताङलाई समेत पुग्ने निर्देशक खड्काले बताउनुभयो।

"धौलागिरि क्षेत्रमा खोप भण्डारण र वितरण केन्द्र अब बागलुङ बन्छ", उहाँले भन्नुभयो, "खोप सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन यसबाट ठूलो मद्दत पुग्छ ।" निर्देशक खड्काका अनुसार योसहित गण्डकी प्रदेशमा ठूलो क्षमताका चार 'वाकिङ कुलर' सञ्चालनमा ल्याइएको छ। यसबाट ५० लाख जनसङ्ख्यालाई पुग्ने खोप भण्डारण गर्न सकिनेछ । गण्डकी प्रदेशको जनसङ्ख्या झण्डै २५ लाख छ। कोभिड-१९ महामारीका बेला खोप सेवालाई द्रुत र प्रभावकारी बनाउन सरकारले देशभर भण्डारण क्षमता विस्तारमा जोड दिएको थियो । स्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले दश घण्टासम्म बिजुली नआउँदा पनि यसको प्रणालीले आफैँ धान्ने बताउनुभयो। त्योभन्दा बढी समय बिजुली नआएमा भने जेनेरेटर प्रयोग गर्नुपर्छ। खत्रीले अबदेखि कोभिड-१९ जस्ता जुनसुकै महामारी आउँदा पनि खोप आपूर्ति, भण्डारण र वितरणमा समस्या नहुने बताउनुभयो । बालबालिकाले पाउने नियमति खोप सेवादेखि अन्य जुनसुकै खोप सेवाको गुणस्तरीयता बढाउन पनि उक्त चिस्यान कोठाले सघाउ पुऱ्याउने स्वास्थ्य कार्यालयले जनाएको छ। कुनै सामान्य तापक्रम त कुनै अत्यधिक चिसोमा राख्नुपर्ने खोप हुन्छन् । अत्यधिक चिसोमा राख्नुपर्ने खोपका लागि भण्डारण क्षमता कम भएपछि सरकारले 'वाकिङ कुलर'को विस्तारमा लगानी बढाएको हो।

स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौले कोभिड-१९ महामारीले खोपको भण्डारण क्षमता विस्तारका लागि आफूहरूलाई झकझक्याएको बताउनुभयो । उहाँले यहाँको 'वाकिङ कुलर'ले धौलागिरि क्षेत्रकै खोप सेवा सञ्चालनमा टेवा पुग्ने उल्लेख गर्नुभयो । "भण्डारण क्षमताको कमीका कारण खोपको आपूर्ति र वितरण प्रभावित हुने अवस्थाको अब अन्त्य भएको छ", उहाँले भन्नुभयो।

# पुतलीबजार पुग्यो युआरएल


**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

गण्डकी प्रदेशकै पहिलो र अग्रणी रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)ले स्याङ्जाको पुतलीबजारमा सेवा विस्तार गरेको छ । यसअघि स्याङ्जाकै बालिङमा युआरएलको शाखा खुलिसकेको छ।

स्याङ्जा बजार र आसपासका सेवाग्राहीलाई गुणस्तरीय सेवा दिन शुक्रबारबाट औपचारिक रुपमा सातौं शाखा सञ्चालन हुने युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले जानकारी दिए । करिब १ करोड लगानीमा स्थापना भएको प्रयोगशालाबाट भिटामिन, क्यान्सर, थाइराइड, बाँझोपन, मृगौला, कलेजो, मुटु, हाडजोर्नी, बाथ, नशा, एलर्जी सहितका जाँच हुने छन्। विभिन्न संघ, संस्थासँग सहकार्य गरी कास्की र गण्डकीका विभिन्न जिल्लामा युआरएलले सित्तैमा रगत जाँच शिविर र सचेतना कार्यक्रम आयोजना गर्दै अएको छ । युआरएल अध्यक्ष पन्त भन्छन्, 'प्रदेशको पहिलो र अग्रणी ल्याब भएकाले यो क्षेत्रमा प्रदेशलाई आत्मनिर्भर बनाउने, सामाजिक उत्तरदायित्व निर्वाह गर्ने र जनतालाई सुलभ तवरले गुणस्तरीय सेवा दिन हामी प्रतिबद्ध छौं ।' ल्याब स्थापनाको अवसरमा वैशाख महिनाभर मधुमेह जाँच सित्तैमा र अरु सबै प्रकारका जाँचमा ३० प्रतिशत छुट दिइएको छ । युआरएल गण्डकी प्रदेशका बासिन्दालाई स्थानीय ठाउँमै गुणस्तरी ल्याब सेवा दिन प्रतिवद्ध रहेको अर्थ निर्देशक गणेश कोइरालाले बताए।


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. २००२/०७/२८ गते**

**स्वर्गारोहणः**
**वि. सं. २०७७/०४/०२ गते**

**स्वः पस बहादुर गुरुङ**

कास्की जिल्ला मादी गाउँपालिका वडा नं. १२ पैरे, हाल पोखरा महानगरपालिका वडा नं. ०९ न्यूरोड निवासी बरालडाँडा तमु समाज सेवा समिति पोखराका सक्रिय सदस्य **पस बहादुर गुरुङ** को ७५ वर्षको उमेरमा बेलायतमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको पितृ मोक्ष कार्य (अर्घौं) को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं ।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बरालडाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बरालडाँडा चेलीबेटी परिवार**
**पोखरा**